श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

अध्यादेश नं. ५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना : स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) (तेस्रो संशोधन) अध्यादेश, २०३४" रहेको छ ।

(२) यो अध्यादेश श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा २ मा संशोधन : स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ (यसपछि "मूल ऐन" भनिएको) को दफा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८४

२ को खण्ड (ग) को उप-खण्ड (३), (६) र (९) को सट्टा देहायको उप-खण्ड (३), (६) र (९) राखिएका छन् :–

"(३) गाउँ पञ्चायतको प्रधान पञ्च र उप-प्रधान पञ्च पदको हकमा गाउँ सभाका सदस्यहरू,

(६) नगर पञ्चायतको प्रधान पञ्च र उप-प्रधान पञ्च पदको हकमा नगर सभाका सदस्यहरू,

(९) जिल्ला पञ्चायतका सभापति र उप-सभापति पदको हकमा जिल्ला सभाका सदस्यहरू ।"

३. मूल ऐनमा दफा ५ ग. थप : मूल ऐनको दफा ५ ख. पछि देहायको दफा ५ ग. थपिएको छ :–

"५ग. उम्मेदवार हुन नपाउने : दफा २ को खण्ड (घ) को उप-खण्ड (३), (६) र (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिहरू निर्वाचनमा उम्मेदवार हुन पाउने छैन :–

(क) गाउँ पञ्चायत ऐन, २०१८ को दफा १२ को उप-दफा (४) को खण्ड (ख) बमोजिमका सदस्यहरू,

(ख) नगर पञ्चायत ऐन, २०१९ को दफा ९ को उप-दफा (४) को खण्ड (ख) बमोजिमका सदस्यहरू,

(ग) जिल्ला पञ्चायत ऐन, २०१९ को दफा १४ को उप-दफा (३) को खण्ड (ख) बमोजिमका सदस्यहरू ।

४. मूल ऐनको दफा २३ मा संशोधन : मूल ऐनको दफा २३ को, –

(१) उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छ :–

"(२) गाउँ पञ्चायतको प्रधान पञ्च र उप-प्रधान पञ्च, नगर पञ्चायतको प्रधान पञ्च र उप-प्रधान पञ्च तथा जिल्ला पञ्चायतको सभापति र उप-सभापति पदको निर्वाचनमा सदर भएको कूल मतको पचास प्रतिशत भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुनेछ ।

तर,

(१) कुनै पनि उम्मेदवारले पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुईजना उम्मेदवारहरूलाई कायम राखी पुनः मतदान गराउनेछ ।

(२) दुई जनाभन्दा बढी उम्मेदवारहरू भई दुईजनाभन्दा बढी उम्मेदवार-हरूले पाएको मत बराबर भएमा निर्वाचन अधिकृतले गोला हाली

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८८८२

मत बराबर पाउनेहरूमध्येबाट दुईजना उम्मेदवारहरू कायम गरी पुनः मतदान गराउनेछ ।

(३) दुईजनाभन्दा बढी उम्मेदवारहरू भई एकजनाले बढी मत पाएको र अरू दुई वा सोभन्दा बढी उम्मेदवारहरूले पाएको मत बराबर भएमा निर्वाचन अधिकृतले गोला हाली बराबर मत पाउनेहरू मध्येबाट एकजना र बढी मत पाउने एकजना गरी दुईजना उम्मेदवार-हरूलाई कायम राखी पुनः मतदान गराउनेछ ।

(४) दुईजना मात्र उम्मेदवारहरू भई दुवैले पाएको मत बराबर भए निर्वाचन अधिकृतले गोला हाली निर्णय गर्नेछ ।

(२) उप-दफा (४) झिकिएको छ ।

लालमोहर सदर मिति :— २०३४।६।२७।४

आज्ञाले—
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।